संघीय संसद

राष्ट्रिय सभा

चौधौं अधिवेशन

बैठक-२१

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ०१:०१ बजे*
*बैठक स्थगित : ३:२७ बजे*

२०८० असार १९ गते, मङ्गलवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको एक्काइसौं बैठक माननीय उपाध्यक्ष उर्मिला अर्यालको अध्यक्षतामा अपराह्न ०१:०१ बजे प्रारम्भ भयो।

**माननीय इन्दिरा देवी गौतम**ले सम्माननीय प्रधानमन्त्रीले सार्वजनिक कार्यक्रममा कोही व्यक्ति विशेषलाई इङ्गित गर्दै "मलाई प्रधानमन्त्री बनाउन उहाँ धेरै पटक दिल्ली जानुभएको थियो" भन्नुभएको कुराले राष्ट्रिय स्वाभिमानमा आँच पुऱ्याएको बताउनुहुँदै सम्माननीय प्रधानमन्त्रीको सदनमा जवाफको माग गर्नुभयो।

**माननीय गोपाल भट्टराई**ले देशका विभिन्न ठाउँहरूमा बाढीपहिरोले जनजीवन प्रभावित भएको बताउनुहुँदै सोको व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय जग प्रसाद शर्मा**ले हाल नेपालमा शैक्षिक मजदुरहरू आन्दोलनमा रहेको र त्रिभुवन विश्वविद्यालयले सीएलाई समकक्षता नदिएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय तारामान स्वाँर**ले कैलालीको शक्ति भन्सारमा क्वारेन्टाइन नभएर सो भन्सारको राजस्वमा गिरावट आएकोले उक्त भन्सारमा क्वारेन्टाइन सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय तुलसा कुमारी दाहाल**ले सरकारले दुग्ध विकास बोर्ड खारेज गर्नुको कारण केहो भनी प्रश्न गर्नुभयो। यसमा कार्यरत कर्मचारी र विभागहरूको अवस्था के हुन्छ भनी प्रश्न गर्नुभयो।

**माननीय भगवती न्यौपाने**ले दमौलीबाट सुरु भई भरतपुर जोडिने बुद्धसिंह मार्गको घुमाउनेमा पर्ने पक्की पुल निर्माणका लागि ठेक्का सम्झौता भएको तर नौ वर्षमा तीस प्रतिशत पनि कार्य हुन नसकेकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय मृगेन्द्र कुमार सिंह**ले किसानहरूका लागि आवश्यक मल पर्याप्त मात्रामा उपलब्ध गराउने तर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय शारदा देवी भट्ट**ले वर्षाको कारण बाढीपहिरोले धनजनको क्षति भइरहेको र यसको रोकथामको लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय विमला घिमिरे**ले देशका विभिन्न भागमा गएका बाढीपहिरोले जनजीवन प्रभावित भएको बताउनुहुँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय शेखर कुमार सिंह**ले सप्तरीको बेहलिया भन्सारमा क्वारेन्टाइन नहुँदा समस्या भएकोले सञ्चालनको लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सुमित्रा बि.सी.**ले जुम्ला तातोपानीका मुकुन्द नेपालीको घरमा अन्तरजातीय विवाह गरेको कारण घर जलाइएको घटना र पोखराका एक इन्सपेक्टरले महिलामाथि जथाभाबी म्यासेज पठाउने कार्यप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले सून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्यालर्लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०८० र राष्ट्र ऋण उठाउने विधेयक, २०८०"** सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुहुँदा राष्ट्रिय सभाका सचिवले टबुल गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०८० का विभिन्न शीर्षकहरू माथिको छलफल जारी रहेको जानकारी गराउनुहुँदै यस अन्तर्गत आज **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय** सम्बन्धी विनियोजन शिर्षकहरूमाथि छलफल हुने व्यहोरा जानकारी गराउनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले खर्च कटौती प्रस्तावको प्रस्तावक देहाय बमोजिमका माननीय सदस्यहरूलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउनुभयो:

१. मा. गोपाल भट्टराई
२. मा. रामचन्द्र राई
३. मा. शारदा देवी भट्ट
४. मा. सोनाम गेल्जेन शेर्पा

तदुपरान्त सम्माननीय अध्यक्षले आजका लागि निर्धारित मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुहुने माननीय सदस्यहरुको नाम दलीय आधारमा प्राप्त हुन आएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरुलाई क्रमशः समय उपलब्ध गराउनुभयो:

१. मा. महेश कुमार महरा
२. मा. अनिता देवकोटा
३. मा. उदय बहादुर बोहरा
४. मा. खिमलाल देवकोटा
५. मा. नारायण प्रसाद दाहाल
६. मा. गोमा देवी तिमल्सिना
७. मा. सुरेश कुमार आलेमगर

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०८० अन्तर्गत **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफल समाप्त भएको जानकारी गराउनुहुँदै आगामी बैठकमा **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र खानेपानी मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफल हुने व्यहोरा जानकारी गराउनुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल असार २० गते बुधबार अपराह्न २ बजेर ३१ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव